# काठमाडौं महानगरपालिका

## राजश्व महाशाखा

## निःशुल्क सवारी पार्किङ्ग सञ्चालन

अल्पकालिन मापदण्ड २०७०

## ● प्रस्तावना :

काठमाडौं महानगरपालिका ५१.६ वर्ग कि.मि.क्षेत्रमा पूर्व, उत्तर बौद्ध, दक्षिण बागमति नदी, पूर्व मनोहरा नदी र पश्चिम चत्रपथ सम्म फैलिएको भू भागमा अवस्थित छ । ललितपूर र भक्तपुर लगायत विभिन्न क्षेत्रबाट दिवासमयमा यस क्षेत्रमा रोजगारका लागि दैनिक करिब ६ लाख भन्दा बढी मानिस आउने जाने गर्दछन् । वि.सं.२०६८ सालको जनगणना अनुसार ९ लाख भन्दा बढी जनसंख्या यस क्षेत्रमा स्थायी बसोवास गर्दछन् भने २५४२९२ घर परिवार संख्या रहेको छ । देशको राजनीतिक, आर्थिक तथा कुटनैतिक केन्द्रका रुपमा रहेको यो क्षेत्र भौतिक विकासमा पनि अन्य शहर भन्दा विकसित रहेको छ । साना तथा ठूला सवारी साधन दुई लाख भन्दा बढी रहेको र त्यस्ता सवारी साधन दिवा तथा रात्री समयमा यस क्षेत्रमा गुड्ने तथा पार्किङ्ग हुने गर्दछन् । यो दर निरन्तर बृद्धि हुँदै गएको छ। २०५८ सालको जनगणना अनुसार ७ लाख भन्दा बढी जनसंख्या रहेकोमा १० वर्ष पछि नौ लाख भन्दा बढी हुनु र सवारी साधन १ लाख भन्दा बढीबाट २ लाख भन्दा बढी हुनुले सवारी साधन पार्किङ्ग स्थलको व्यवस्थापन थप चुनौतिपूर्ण हुँदै गएको छ ।

महानगर क्षेत्रमा औपचारिक र अनौपचारिक रुपमा ७३ स्थानभन्दा बढी स्थानमा दुई पाङ्गे र चार पाँग्रे सवारी साधन पार्किङ्ग हुँदै आएका छन् । स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ ले गरेको प्रावधान अनुरुप महानगरले पार्किङ्ग शुल्क लिई यस्ता स्थानको व्यवस्थापन गर्दै आएको छ। पार्किङ्ग शुल्क महानगरको कोषमा अत्यन्त न्यून स्थानको मात्र दाखिला हुने तर त्यो भन्दा बढी स्थानमा क्लव, टोल सुधार, मन्दिर संरक्षण लगायतका नाममा पार्किङ्ग शुल्क संकलन हुने गरेको यथार्थता रहेको छ । यस्ता अनौपचारिक क्षेत्रले राज्य कोषको आम्दानी छली गरी गुण्डा गर्दीको संरक्षण गर्न, प्रशासन कमजोर बनाउन, समानान्तर कुशासित संयन्त्रको विकास गर्न र असुरक्षा बृद्धि तथा सुशासनको उपहास गर्न भरपूर सहयोग गरेको छ।

उक्त तथ्यलाई मनन गरी खुला प्रतिस्पर्धाका माध्यमद्वारा नियमानुसार शुल्क संकलनका लागि बोलपत्र आव्हान गरी स-शुल्क पार्किङ्गको सू-व्यवस्थापनको कार्य मिति २०६९।११।७ बाट प्रारम्भ गरेको छ । उक्त व्यवस्थापनमा चित्त नबुझ्ने पक्षले सम्मानित अदालतमा उजुरी दर्ता गरेकोले सो विषय विचाराधिन अवस्थामा रहेको छ ।

उक्त आय ठेक्का सम्बन्धी विषय अदालतबाट अन्तिम किनारा नलागुन्जेल र त्यस पछि आर्थिक प्रशासन नियमावली २०६४ को आय ठेक्का व्यवस्था अनुसार व्यवस्थापन नहुन्जेल सम्मका लागि यो मापदण्ड कार्यान्वयन गर्न आवश्यक देखिएको ।

## ● उद्देश्य:

(१) सवारीधनीमा आफ्नो सवारीको पार्किङ्ग तोकिएको स्थानमा स्वयम व्यवस्थापन गर्ने बानी बसाउने ।

(२) अर्को व्यवस्था नभए सम्म सवारी साधन पार्किङ्ग शुल्क मिनाहा गर्ने ।

(३) अर्को व्यवस्था हुँदाका समयमा आवश्यक पर्ने न्यूनतम पूर्वाधार विकास गर्ने ।

## ● समन्वय :

अल्पकालिन निशुल्क पार्किङ्ग व्यवस्थापनमा सडक विभाग, यातायात व्यवस्था विभाग, उपत्यका ट्राफिक कार्यालय, व्यवसायिक भवनहरु र खुल्ला क्षेत्र भएको सरकारी तथा नीजी कार्यालय र संघ संस्थाहरुसँग समन्वय गरी अल्पकालिन व्यवस्थापन र दर्घिकालिन योजना तथा पूर्वाधार विकास गरिने ।

## ● निःशुल्क पार्किङ्ग व्यवस्थापन :

निःशुल्क पार्किङ्ग व्यवस्थापनका लागि आवश्यक पर्ने सूचना पाटी, कार्यान्वयन महाशाखाबाट माग गर्ने र जिन्सी शाखाले माग अनुसार खरिद उपलब्ध गराउने छ ।

यस मापदण्डमा उल्लेखित क्षेत्र र नयाँ पहिचान भएका क्षेत्रमा सवारी साधन पार्किङ्ग स्थलमा रेखात्मक चिन्ह प्रयोग गर्न, कार्यान्वयन महाशाखाले बजार दरभाउ लिई आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम सेवा खरिद गर्ने ।

## ● जरिवाना सम्बन्धी व्यवस्था :

तोकिएको स्थान बाहेकमा पार्किङ्ग गरिएका सवारी साधनहरुलाई तत्काल नियन्त्रणमा लिई एक पटकमा रु.१०००।- जरिवाना गर्न सक्नेछ । यस कार्यका लागि कार्यान्वयन महाशाखाले राजश्व महाशाखा, ट्राफिक कार्यालय सँग समन्वय गरी कार्य गर्नेछ । सवारी साधन उठाई लानका लागि आवश्यक जनशक्ति व्यवस्था कार्यान्वयन महाशाखाले व्यवस्थापन गर्ने र सवारी साधन राजश्व महाशाखाले व्यवस्थापन गर्नुपर्नेछ

काठमाडौं महानगर क्षेत्र भित्र विभिन्न ७३ क्षेत्र भन्दा बढी स्थानमा नौ समूह विभाजन गरी मिति २०६९ फाल्गुण ७ गते स्थानीय निकाय (आ.प्र.नि) २०६४ बमोजिम आय ठेक्काद्वारा सार्वजनिक

रुपमा बोलपत्र आव्हान गरिएका निम्न क्षेत्रमा, बोलपत्रमा तोकिएको सवारी, लेन र क्षेत्र छुट्टिने गरी रेखात्मक गरी निःशुल्क सूचना सहितको सूचना पाटी राखी सवारी पार्किङ्ग सञ्चालन गर्ने ।

## (क) अवधि :

काठमाडौं महानगरपालिकाले देहायका तोकेका क्षेत्र र यस पछि पहिचान हुने क्षेत्रमा सार्वजनिक रुपमा सूचना प्रकाशन गरी नियमानुसार आय ठेक्का बन्दोवस्त नभए सम्मका लागि सवारी (दुई पाङ्गे, चार पाङ्गे र अन्य) पार्किङ्ग शुल्क संकलन गर्ने छैन ।

## (ख) सूचना पाटी :

सवारी पार्किङ्ग रहने स्थानको प्रारम्भ विन्दु र अन्तिम विन्दुमा न्यूनतम देहायको सूचना राखी सूचना पाटी राख्नेछ ।

१) पार्किङ्ग क्षेत्रको नामः

२) रेखात्मक चिन्ह बाहिर राखिएका सवारी साधनहरुलाई रु.१,०००।- जरिवाना गरिने ।

३) सवारी साधन चोरी वा अन्य क्षति भएमा महानगरपालिका जिम्मेवार नहुने ।

४) रेखात्मक क्षेत्रमा तोके अनुसार सवारी पार्किङ्ग गर्नु पर्ने ।

५) सवारी साधन पार्किङ्ग गरे वापत कोही कसैलाई शुल्क बुझाउनु नपर्ने ।

६) बिहान ६:०० बजे देखि रातको नौ बजे सम्म मात्र सवारी पार्किङ्ग गर्नु पर्नेछ ।

७) सवारी साधन पार्किङ्ग गर्दा तोकिएको ढाँचामा मात्र पार्किङ्ग गर्नु पर्ने ।

(ग) सवारी साधन पार्किङ्गकालागि तोकिएको क्षेत्रमा बाहेक अन्यत्र पार्किङ्ग गरिएको सवारी साधनहरुलाई नियन्त्रणमा लिई एक पटकमा रु.१००० जरिवाना गरिने ।

(घ) तोकिएको क्षेत्र बाहेकमा पार्किङ्ग गरिएका सवारी साधनलाई जरिवाना गर्दा असुल भएको जरिवाना रकमको बीस प्रतिशत (२०%) कार्य प्रोत्साहन स्वरुप रकम उपलब्ध गराइने । यस्तो रकम सो समयमा खटिएका महानगरपालिकाका वा अन्य कर्मचारीलाई उपलब्ध हुनेछ ।

(ङ) सवारी पार्किङ्ग क्षेत्रमा रेखात्मक कार्य र सूचना पाटीका लागि कार्यान्वयन महाशाखाले आवश्यक प्रकृया पूरा गरी मंसिर मसान्त भित्र कार्य सम्पन्न गर्नेछ ।

(च) काठमाडौं महानगरपालिकाले सवारी पार्किङ्ग अनुगमन तथा व्यवस्थापन कार्यदल गठन गर्नेछ ।

## ● कार्यदलको कार्य विवरण :

१) कार्यदलले सवारी पार्किङ्ग स्थलको निरीक्षण गरी सुधारका लागि सुभाव दिनेछ ।

२) नयाँ क्षेत्र पहिचान गरी रेखात्मक र सूचना पाटी राख्नका लागि सुझाव दिनेछ ।

३) दीर्घकालिन व्यवस्थपनका लागि प्रतिवेदन सहित सुझाव दिनेछ ।

४) कार्यदले अन्तर र बाह्य निकाय समन्वयका लागि सम्बन्धित कार्यलयसँग प्रतिनिधि माग गरी कार्य गर्नेछ ।

## ● कार्यदलः

१ आर्थिक व्यवस्थापन विभाग प्रमुख - संयोजक
२ राजश्व महाशाखा प्रमुख - सदस्य
३ शहरी विकास विभाग इन्जिनियर १ - सदस्य
४ कार्यान्वयन महाशाखा प्रमुख - सदस्य
५ पार्किङ्ग कार्य हेर्ने राजश्व महाशाखा कर्मचारी - सदस्य सचिव
६ कार्यदलमा पदाधिकारी र आमन्त्रित विज्ञ तथा पदाधिकारीहरुलाई नियमानुसार बैठक भत्ता उपलब्ध हुनेछ ।

- **रेखात्मक गरी निःशुल्क सवारी साधन पार्किङ्ग सञ्चालन गरिने क्षेत्रहरु**

## निःशुल्क पार्किङ स्थानहरु

क्षेत्र नं. १ : नयाँ वानेश्वर बाटो पश्चिम मन्दिर अगाडी १३२ फिट एक लाइन मो.सा.

नयाँ वानेश्वर पानि ट्याँकी अगाडी ९९ फिट एक लाइन मो.सा.

के.एम.सी अस्पताल वाटो दक्षिण खालि जग्गा ११५ फिट दुई लाइन मो.सा.

एयरपोर्ट गेट अगाडी २०० फिट एक लाइन कार/मो.सा.

कोटेश्वर भाट भटिनी अगाडी ७६ फिट दुई लाइन मो.सा.

कोटेश्वर भाट भटिनी अगाडी ६६ फिट एक लाइन कार

तिनकुने वैदेशिक रोजगार अगाडी ६६ फिट एक लाइन कार

तिनकुने वैदेशिक रोजगार अगाडी ११४ फिट एक लाइन मो.सा.

के.एम.सि. अस्पतालबाट सिद्धि विनायक जाने वाटो १०० फिट एक लाइन मो.सा.

क्षेत्र नं. २ : मेडिकेयर अस्पताल अगाडी ९२ फिट एक लाइन मो.सा.

बौद्ध बाटो दक्षिण ५७५ फिट एक लाइन मो.सा.

चावहिल टेलिकम अगाडी ६६ फिट एक लाइन मो.सा.

क्षेत्र नं. ३ : महाराजगञ्ज पुलिस स्टेशन अगाडी १४० फिट एक लाइन मो.सा.

सामाखुशि विनायक अस्पताल अगाडी ११० फिट एक लाइन मो.सा.

हिमालय जावा क्याफे अगाडी ६० फिट एक लाइन मो.सा. उत्तर, दक्षिण मात्र

क्षेत्र नं. ४ : दरवार मार्ग मूल सडक २२६ फिट एक लाइन कार उत्तर, दक्षिण मात्र

दरवार मार्ग मूल सडक २०० फिट एक लाइन मो.सा.

सरस्वती मार्ग १५० फिट दुई लाइन मो.सा.

सरस्वती मार्ग ३३० फिट एक लाइन मो.सा. उत्तर दक्षिण मात्र

विणा मार्ग १६४ फिट दुई लाइन मो.सा. उत्तर दक्षिण मात्र

क्षेत्र नं. ५ : प्रज्ञा भवन पश्चिम ३९० फिट एक लाइन मो.सा.

प्रज्ञा भवन पश्चिम १६४ फिट एक लाइन कार

कमलादी भवन पूर्व १६४ फिट एक लाइन मो.सा.

कमलादी भवन पूर्व ३९० फिट एक लाइन कार

शंकर देवी क्याम्पस अगाडी ७३ फिट एक लाइन मो.सा.

शंकर देवी क्याम्पस अगाडी ६५ फिट एक लाइन कार

पुतली सडक लालुपाते मार्ग ११९ फिट एक लाइन मो.सा.

नक्साल टेलिकम अगाडी ४० फिट एक लाइन मो.सा.

वि.के. क्याम्पस अगाडी २९५ फिट एक लाइन मो.सा.

रानीपोखरी आयुक्तको कार्यालय अगाडि ७० फिट एक लाइन मो.सा.

क्षेत्र नं. ६ : प्यूखा पश्चिम उत्तर १०३ फिट दुई लाइन मो.सा.

प्यूखा चोक ८७ फिट एक लाइन कार

प्यूखा चोक पूर्व ६३ फिट दुई लाइन मो.सा.

शुक्र पथ ४५० फिट एक लाइन मो.सा.

शुक्र पथ १२३ फिट एक लाइन कार

महावौद्ध पूर्व २० फिट दुई लाइन मो.सा.

महावौद्ध दक्षिण १५ फिट एक लाइन मो.सा.

जमल चोक ४३ फिट तिन लाइन मो.सा.

भोटाहिटी दरवार स्कुल दक्षिण ५५ फिट एक लाइन मो.सा.

भोटाहिटी नयाँ साझा अगाडी ६० फिट एक लाइन कार

भोटाहिटी साझा अगाडी २५ फिट तिन लाइन मो.सा.

क्षेत्र नं. ७ : खिचापोखरी (ए) ११८ फिट एक लाइन मो.सा.

खिचापोखरी (वि) ११८ फिट दुई लाइन मो.सा.

खिचापोखरी १३२ फिट एक लाइन कार (पाँच ट्याक्सी निशुल्क )

खिचापोखरी डबली १७८ फिट एक लाइन मो.सा.

खिचापोखरी मुखमा १२८ फिट एक लाइन मो.सा.

खिचापोखरी चौधरी ग्रुप अगाडी १२६ फिट एक लाइन मो.सा.

पशुपति प्लाजा अगाडी १४० फिट एक लाइन मो.सा.

पशुपति प्लाजा अगाडी ५३ फिट दुई लाइन मो.सा.

संकटा मन्दिर परिसर ४० फिट तिन लाइन मो.सा.

सुन्धारा उत्तर पश्चिम ३० फिट दुई लाइन मो.सा.

सुन्धारा पश्चिम १०० फिट एक लाइन मो.सा.

धरहरा बाटो दक्षिण ८६ फिट एक लाइन कार

धरहरा दक्षिण बाटो उत्तर ३५ फिट एक लाइन मो.सा.

धरहरा पूर्व हुलाक अगाडी २० फिट तिन लाइन मो.सा.

क्षेत्र नं. ८ : पिपल बोट ४० फिट दुई लाइन मो.सा.

पाको मन्दिर पश्चिम ४९ फिट दुई लाइन मो.सा.

पाको मन्दिर दक्षिण १६२ फिट एक लाइन कार

पाको दक्षिण १३८ फिट दुई लाइन मो.सा.

पाको दक्षिण ९४ फिट एक लाइन मो.सा.

रणमूतेश्वर उत्तर १२० फिट एक लाइन मो.सा.

धर्मपथ १२२ फिट एक लाइन कार (५ ट्याक्सी सहित)

धर्मपथ ९२ फिट दुई लाइन मो.सा.

धर्मपथ ५९ फिट दुई लाइन मो.सा.

धर्मपथ १६५ फिट एक लाइन कार

वसन्तपुर २ नं. काउण्टर पछाडि १४२ फिट एक लाइन मो.सा.

मरु प्याफल ४ नं. काउण्टर सँगै ५७ फिट एक लाइन मो.सा.

का.म.पा. २५ वडा अगाडी ३६ फिट एक लाइन मो.सा.

सुरज आर्केट अगाडी ५० फिट एक लाइन मो.सा.

ताम्राकार प्याजा अगाडी ३० फिट एक लाइन मो.सा.

तारणी वहाल अगाडी ३० फिट छ लाइन मो.सा.

| | |
|---|---|
| क्षेत्र नं. १० | कालिमाटी पेट्रोल पम्प पश्चिम ३०० फिट एक लाइन मो.सा.<br><br>कलंकी मालपोत अगाडी १०६ फिट एक लाइन मो.सा. |